# स्थानीय राजपत्र

## धुलिखेल नगरपालिकाद्वारा प्रकाशित

खण्ड ६) धुलिखेल, असार महिना २२ गते, २०७९ साल (संख्याः १


## भाग १

धुलिखेल नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

काभ्रेपलाञ्चोक, बागमती प्रदेश

धुलिखेल

धुलिखेल नगरपालिकाको नगर सभाले बनाएको तल लेखिए बमोजिमको (धुलिखेल नगरपालिकाको आर्थिक ऐन, २०७९) ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत् २०७९ सालको ऐन संख्याः १

# धुलिखेल नगरपालिकाको आर्थिक ऐन, २०७९

## धुलिखेल नगरपालिकाको आर्थिक बर्ष २०७९/०८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावनाः** धुलिखेल नगरपालिकाको आर्थिक वर्ष २०७९।०८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम धुलिखेल नगर सभाले यो ऐन बनाई लागू गरेको छ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७९" रहेको छ।

(२) यो ऐन २०७९ साल श्रावण १ गते देखि धुलिखेल नगरपालिका क्षेत्रमा लागू हुनेछ।

२. <u>**सम्पति करः**</u> (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गा र त्यस्तो जग्गामा बनेको भौतिक संरचनाहरुलाई एकीकृत रुपमा हिसाब गरी **अनुसूची -१** मा उल्लेख भए बमोजिम सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ। तर गुठी जग्गामा सम्पत्ति कर लगाइने छैन। नक्सा पेश गर्दा निर्माण कार्यको समय तालिका पेश गरी सोही समय तालिका भित्र निर्माण सम्पन्न गर्नु पर्नेछ। पेश गरेको समय तालिकाको आधारमा सम्पत्ती करको गणना गरिनेछ। यदि कसैले नक्सा पेश गरेको भन्दा कम तल्ला निर्माण गरी कार्यालयमा जानकारी गराएमा निर्माण भएको संरचनालाई मात्र मुल्यांकनमा समावेश गर्न सकिनेछ।

२) उपदफा (१) बमोजिम लगाइने सम्पत्ति करमा जग्गाको मुल्यांकन गणना गर्दा **अनुसूची -१.१** र भौतिक संरचनाको मुल्यांकन गर्दा **अनुसूची -१.२** मा उल्लेख भए बमोजिम गरिनेछ। सम्पत्ती कर गणना गर्दा न्यूनतम रु ५ लाख सम्मको मूल्यांकनमा रु २२०।- बाहेक कुनै पनि व्यक्ति/संस्थाको साविकको सम्पत्तीमा घटवढ नभै अघिल्लो आ.व.मा कायम रहेको सम्पत्ती कर भन्दा वढी हुन गएमा अघिकतम १० प्रतिशत भित्र समायोजन गरी तथा घटीको हकमा अघिल्लो आ.व.को भन्दा नघट्ने गरी कर असूली गरिनेछ।

३) यस दफा बमोजिम सम्पत्ति कर लगाउँदा घर जग्गाको आकार, प्रकार, बनौट र उपयोग, अचल सम्पत्तिको उत्पादनशील उपयोगको अवस्था, नागरिकको जीवनस्तर, आर्थिकस्तर, कर तिर्न सक्ने क्षमता, अचल सम्पत्तिको प्रचलित बजारमूल्य समेतका आधारमा कायम गरिनेछ। भवन संरचनाको ह्रास कट्टी निम्न बमोजिम गरिनेछः

धुलिखेल नगरपालिका

| संरचनाको आयु | संरचनाको किसिम | | | | |
|---|---|---|---|---|---|
| | स्टिल फेम स्टक्चर भएका ठुला भवन, भवन ऐन वमोजिम 'क' वर्गको भवनहरु, १४ फिट भन्दा अग्ला ट्रस्टहरु | सिमेन्टको जोडाई, आ.सि.सि. छाना भएका घर, सिमेन्टको जोडाई, आ.सि.सि. छाना भएका घर | सिमेन्टको जोडाईको जस्ता, टायलको छाना भएको | माटोको जोडाइ जस्ता वा टायलको छाना | ईटा वा ब्लकले बनेको सेड वा कच्ची घर |
| १-३ बर्ष | ६ | ९ | १२ | १५ | २० |
| ४-६ बर्ष | १२ | १८ | २४ | ३० | ४० |
| ७-९ बर्ष | १८ | २७ | ३६ | ४५ | ५० |
| १०-१२ बर्ष | २४ | ३६ | ४८ | ५० | ५० |
| १३-१५ बर्ष | ३० | ४५ | ५० | ५० | ५० |
| १६-१८ बर्ष | ३६ | ५० | ५० | ५० | ५० |
| १९-२१ बर्ष | ४२ | ५० | ५० | ५० | ५० |
| २२-२४ बर्ष | ४८ | ५० | ५० | ५० | ५० |
| २५-२७ बर्ष | ५० | ५० | ५० | ५० | ५० |
| २8-३० बर्ष | ५० | ५० | ५० | ५० | ५० |
| ३१-३३ बर्ष | ५० | ५० | ५० | ५० | ५० |
| ३४-३६ बर्ष | ५० | ५० | ५० | ५० | ५० |
| ३७-४० बर्ष | ५० | ५० | ५० | ५० | ५० |
| ४१-४३ बर्ष | ५० | ५० | ५० | ५० | ५० |
| ४४-४६ बर्ष | ५० | ५० | ५० | ५० | ५० |
| ४७ बर्ष भन्दा माथि | ५० | ५० | ५० | ५० | ५० |

४) सम्पत्ति कर संकलन गर्दा घर जग्गा बहाल कर, ब्यवसाय कर, सरसफाइ शुल्क, विपद् व्यवस्थापन शुल्क र सडक बत्ती शुल्क समेत एकीकृतरुपमा असूल उपर गरिनेछ। साथै यि करहरु चुक्ता नगरेमा नगरपालिका तथा वडा कार्यालयबाट प्रदान गरिने सेवा दिन कार्यालय वाध्य हुनेछैन ।

३. **भूमि कर (मालपोत)**: नगरपालिका क्षेत्रभित्र **अनुसूची -२** बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ। तर दफा २ बमोजिम सम्पत्ति कर लगाएको जग्गामा भूमीकर (मालपोत) लगाईने छैन।

४. **घर जग्गा बहाल कर:** (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा

धुलिखेल नगरपालिका

**अनुसूची-३** बमोजिम बहाल कर लगाइने र असुल गरिनेछ। घर जग्गा बहाल कर सम्बन्धमा भाडा निर्धारणको लागि सम्झौता गर्नु पर्नेछ । सम्झौता गर्दा नगरपालिकाले तोकेको न्यूनतम दर भन्दा कम नहुने गरी सम्झौता गर्नु पर्नेछ। यसरी गरिने सम्झौता कम्तिमा ३ महिनाको न्यूनतम अवधिको हुनु पर्ने साथै सोही बमोजिम कर भुक्तानी गर्नु पर्नेछ।

२) उपदफा (१) बमोजिम लगाईने बहाल रकम निर्धारण गर्नको लागि नगरपालिकाले घरजग्गा रहेको स्थान तथा संरचनाको प्रकारको आधारमा न्यूनतम बहाल मूल्य तोकी सोही आधारमा बहाल रकम निर्धारण गरी कर लिन सक्नेछ।

३) बहाल कर नगरपालिकामा दाखिला गर्ने दायित्व घर धनीको हुनेछ। करको दायित्व वहन गर्ने विषय बहालमा लिने दिनेले आपसी समझदारीमा तय गर्न सक्नेछन्।

४) यस ऐन बमोजिम घर जग्गा बहाल करको प्रयोजनको लागि स्वघोषणा फारमको ब्यवस्था गरिनेछ। स्वघोषणा प्रतिवेदन कर परीक्षणको सामाग्री बन्न सक्नेछ।

५) स्वघोषणा फारम भर्न इन्कार गरेमा वा ढीलाई गरेमा वा पूर्ण विवरण नदिएमा वडा कार्यालय, कर शाखा वा नगर प्रहरीलाई स्थलगत निरिक्षणमा पठाई घर बहालमा रहेको नरहेको एकीन गरिनेछ।

६) बहालमा लगाएको घर जग्गा निश्चित समय खाली रहन गएकोमा त्यस अवधिको कर कट्टि गर्न सकिनेछ। खाली रहेको अवधिको ब्यहोरा वडा कार्यालय वा वडा सदस्यबाट प्रमाणीत गराई पेश गर्नु पर्नेछ।

७) नगरपालिकाको स्वामीत्वमा रहेको सम्पत्तीहरु जस्तै मेशिनरी औजार, चौर, सभाहल लगायको भाडा **अनुसूची -४** बमोजिम लगाइने र असुल गरिनेछ।

५. <u>**व्यवसाय कर:**</u> (१) नगरपालिका क्षेत्रभित्र रहेका उद्योग व्यापार, व्यवसाय र सेवामा ब्यवसायको प्रकृति हेरी पूँजीगत लगानी र बार्षिक आर्थिक कारोवारका आधारमा गणना गरी **अनुसूची-५** बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

२) नगरपालिका क्षेत्रभित्र रहेका उद्योग व्यापार, व्यवसाय र सेवामा ब्यवसाय संचालन गर्न चाहने व्यक्ति वा संस्थाले नगरपालिका व्यवसाय दर्ता गरी व्यवसाय इजाजत प्रमाण पत्र लिनु पर्नेछ। इजाजत प्राप्त ब्यवसायीहरुले वार्षिक रुपमा ब्यवसाय कर चुक्ता गरी ब्यवसाय नवीकरण गर्नु पर्नेछ।

३) उपदफा (२) बमोजिमको इजाजत विना नगरपालिका क्षेत्रभित्र कुनै पनि ब्यापार, ब्यवसाय तथा सेवा संचालन गर्न पाईने छैन।

४) उपदफा (२) बमोजिमको स्व-घोषणा पत्रमा आफ्नो घर जग्गा तथा स्वामित्वमा रहेको सम्पत्तीमा ब्यवसाय गरी बसेका ब्यवसीहरुको बिवरण समेत समेट्नु पर्नेछ।

५) आफ्नो घर जग्गामा ब्यवसाय गरी बस्ने ब्यवसायीहरुलाई ब्यवसाय करको दायरामा ल्याउन सघाउनु हरेक घर जग्गा घनीको कर्तव्य मानिनेछ।

धुलिखेल नगरपालिका

६) यस दफा बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी लागू गर्न सक्नेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर:** (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत **अनसूची -६** बमोजिम जडिबुटी, कवाडी तथा जीवजन्तु कर लगाइने र असूल उपर गरिनेछ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि कारोवार भन्नाले विक्रेताले जारी गरेको विल वा वीजक वा लेनदेन भएको जनिने प्रमाणलाई सम्झनु पर्दछ र नगरपालिकाले कर लगाउँदा कारोवार रकमको निश्चित प्रतिशतका दरले लगाउने छ।

२) उपदफा (१) बमोजिमका वस्तुको ब्यवसायिक कारोवार गर्ने ब्यक्ती वा संस्थालाई नगरपालिकाले ब्यवसाय इजाजत दिदा कर बुझाउने शर्त र विधि समेत तोकी इजाजत दिनेछ।

७. **पूर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने कर:** (१) नगरपालिका क्षेत्रभित्रका सवारी साधनमा प्रदेशले सवारी साधन कर लगाउने र उठाउनेछ। तर टाँगा, रिक्सा, अटो रिक्सा र विद्युतीय रिक्सा तथा आफ्नो श्रोतबाट निर्माण गरेको वा आफुलाई हस्तान्तरण भई आएको सडक, बाटो तथा पुलबाट आवागमन गर्ने सवारी तथा यातायातका साधनमा **अनुसूची-७** बमोजिम कर लगाइने र असुल उपर गरिनछ।

२) प्रदेशले लगाएको सवारी साधन कर रकमबाट नगरपालिकाले प्राप्त गर्ने हिस्सा प्रचलित संघीय र प्रदेश कानूनमा तोकिए बमोजिम हुनेछ।

८. **विज्ञापन कर:** (१) नगरपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा **अनुसूची -८** बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ।

२) उपदफा (१) बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी लागू गर्न सक्नेछ। नगरपालिकाको स्वीकृति विना कुनै पनि प्रकारका साइनबोर्ड होडिङ्गबोर्ड राख्न पाइने छैन । स्वीकृत नलिइ यस्तो कार्य गरेमा जगरिवाना वा होडिङ्ग बोर्ड हटाउने दुबै कार्य नगरपालिकाले गर्न सक्नेछ ।

३) यस दफा बमोजिम नगरपालिकाले उठाएको विज्ञापन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसँग बाँडफाँड गरिनेछ।

४) यस नगरपालिकामा ब्यवसाय दर्ता भएका व्यवसायि/फर्म/बैक/वित्तीय संस्थाहरुको आफ्नो परिचय खुलाउने वोर्ड कार्यालय परिसरमा राखिएका हकमा विज्ञापन कर लगाइनेछैन।

९. **मनोरञ्जन कर:** (१) नगरपालिका क्षेत्रभित्र संचालित सिनेमाहल, सांस्कृतिक प्रदर्शनहल, थियटर सङ्गीत, मनोञ्जन प्रदर्शनस्थल, जादू, सर्कस, चटक जस्ता मनोरञ्जन व्यवसाय सेवामा प्रदेश कानूनले तोके बमोजिम मनोरञ्जन कर लगाई असलु उपर गरिनेछ।



धुलिखेल नगरपालिका

२) उप दफा (१) बमोजिम नगरपालिकाले उठाएको मनोरञ्जन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसँग बाँडफाँड गरिनेछ।

**१०.** <u>**बहाल बिटौरी शुल्कः**</u> (१) नगरपालिकाले आफुले निर्माण, रेखदेख वा संचालन गरेका देहाय बमोजिमका सम्पत्तिहरुमा **अनुसूची -९** बमोजिमको दरमा वहाल विटौरी शुल्क लगाउने र असुल उपर गरिनेछ। बहाल बिटौरी शुल्क उठाउन सक्ने क्षेत्रः

क) आफुले निर्माण गरेका वा आफ्नो स्वामित्वमा रहेका भवन, जग्गा वा अन्य सम्पत्ति,

ख) आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएका अस्थायी टहरा, छाप्रा वा पसल वा आवास,

ग) नगरपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा थापेका पसल,

२) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिमको सम्पत्तिमा बहाल बिटौरी शुल्क उठाउनका लागि कार्यपालिकाले न्यूनतम दर निर्धारण गरी बोलपत्र वा दरभाउ पत्र वा डाँक बढाबढको माध्यमबाट बहालमा दिन सक्नेछ।

३) उपदफा (१) को खण्ड (ग) बमोजिमको सम्पत्तिमा बहाल विटौरी शुल्क उठाउनकालागि नगरपालिकाले त्यस्तो स्थानमा खरीद बिक्री हुने वस्तु तथा सेवा एवं कारोवारको आधारमा तोकेको न्यूनतम बहाल विटौरी शुल्कको दरमा वोलपत्र वा दरभाउ पत्र वा डाँक बढावढको माध्यमवाट बहाल विटौरीमा दिन सकिनेछ।

४) उपदफा (२) र (३) बमोजिम बहाल विटौरीमा दिंदा शर्त सहित सम्झौता गरी दिनु पर्नेछ।

**११.** <u>**पार्किङ्ग शुल्कः**</u> (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको पार्किङ्गस्थलमा सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराएवापत पार्किङ्ग गर्ने समयको आधारमा **अनुसूची -१०** मा उल्लेख भएबमोजिमको दरमा पार्किङ्ग शुल्क लगाइने र असूल उपर गरिनेछ।

२) नगरपालिकाले उपदफा (१) बमोजिम तोकेको स्थान वाहेक अन्य स्थानमा सवारी पार्किङ्ग गर्न रोक लगाउन सक्नेछ । तर राजमार्ग तथा सहायक राजमार्गको सडक अधिकार क्षेत्रभित्र यस दफा बमोजिम सवारी पार्किङ्ग गराइने र शुल्क लगाइने छैन।

३) नगरपालिकाले सवारी पार्किङ्ग क्षेत्र निर्धारण गर्दा सवारी आवागमनमा बाधा नपुग्ने गरी ट्राफिक प्रहरी कार्यालयसँगको समन्वयमा गर्नेछ।

**१२.** <u>**सेवा शुल्क, दस्तुरः**</u> (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केबलकार, ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिपप्लायर, र्‍याफ्टिङ्ग, प्याराग्लाइडिङ्ग लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाइने र असूल उपर गरिनेछ।

धुलिखेल नगरपालिका

२) नगरपालिकाले निर्माण वा संचालन तथा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछः

क) खानेपानी, विजुली, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह र त्यस्तै अन्य सेवा सुविधा,

ख) फोहोरमैला व्यबस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा,

ग) शौचालय, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायामशाला, गेष्टहाउस, पर्यटकीय स्थल, छात्रावास, हाटबजार, पशु बधशाला, शबदाहगृह, धोवीघाट र त्यस्तै अन्य सुविधा,

घ) सडक, बस पार्क, ढल, पुल जस्ता सेवा,

ङ) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा,

च) नगरपालिकाले प्रदान गर्ने सिफारिश सम्बन्धी कुनै सेवा,

छ) ऐतिहासिक स्थल, पुरातात्विक स्थल एवं धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्क।

तर ऐतिहासिक स्थल, पुरातात्विक स्थल र धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा नेपाली नागरिकलाई यस प्रकरण बमोजिम शुल्क लिन पाइने छैन।

३) नगरपालिकाले सहकारी संस्था, एफ.एम. रेडियो, "घ" बर्गको निर्माण व्यबसायी इजाजत, विद्यालय स्थापना, विद्यालयको कक्षा कोठा थप, विषय थप अनुमति, नाम परिवर्तन ठाउँसारी, ट्युसन तथा कोचिङ्ग सेन्टर, औषधी पसल, स्थानीय व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण तथा नियमन आदि सेवामा सेवा शुल्क दस्तुर तोकी लगाइने र उठाइने छ।

४) दफा (१), (२) र (३) बमोजिम हजार सिढी तथा टुँडिखेल क्षेत्रभित्र प्रवेश तथा स्वदेशी चलचित्र छायाँकनमा **अनुसूची -११** बमोजिमको कर तथा नगरपालिकाले प्रदान गर्ने सेवामा सेवा शुल्क र दस्तुरको दर **अनुसूची -१२** मा उल्लेख भएबमोजिम हुनेछ।

**१३.** **<u>विक्री तथा निकासी शुल्कः</u>** (१) नगरपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलवाट उत्पादन हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानिजन्य वस्तुहरुको विक्री गर्न सक्नेछ।

२) नगरपालिकाले आफ्नो क्षेत्रभित्र उत्पादन भै आफ्नो सीमाक्षेत्रभन्दा बाहिर निकासी हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुको वाह्य निकासीमा निकासी शुल्क लगाउन सक्नेछ।

३) उपदफा (१) र (२) बमोजिम नगरपालिकाले गर्ने विक्री तथा लगाउने निकासी शुल्कको दर **अनुसूची -१३** मा तोकिए बमोजिम हुनेछ ।

४) कार्यपालिकाले आफ्नो प्रयोगमा नआउने पुराना र कामनलाग्ने वस्तु, उपकरण तथा सामानहरु लिलामविक्री गर्न सक्नेछ।

५) कार्यपालिकाले नागरिकको सुविधाको लागि विभिन्न फाराम तथा पुस्तकहरु वा अन्य सेवा बिक्री गर्न सक्नेछ।

६) उपदफा (१) बमोजिमका वस्तुहरु विक्री तथा उपदफा (२) बमोजिमको निकासी शुल्क असूलीका लागि बिक्री तथा निकासीको परिमाण तथा दर निर्धारण गरी वोलपत्र, दरभाउ पत्र वा डाँक बढावढको माध्यमवाट गरिने छ।

१४. **घरजग्गा रजिष्ट्रेशन शुल्कः** (१) घर जग्गा रजिष्ट्रेशन शुल्क प्रदेश कानूनले तोके बमोजिम लगाइने र उठाइनेछ।

२) उपदफा (१) बमोजिम उठेको रकम प्रदेश कानून बमोजिम बाँडफाँट गरिनेछ।

१५. **नक्सापास दस्तुरः** नगरपालिका क्षेत्र भित्र निर्माण हुने संरचनाको नक्सा पास गर्दा लाग्ने दस्तुर **अनुसूची -१४** वमोजिम लगाईने तथा असुल उपर गरिनेछ।

१६. **सरसफाई शुल्कः** नगरपालिका क्षेत्र भित्र सरसफाई सेवा दिए वापतको सरसफाई शुल्क **अनुसूची -१५** वमोजिम लगाईने तथा असुल उपर गरिनेछ।

१८. **दण्ड जरिवानाः** नगरपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा सम्बन्धित कानूनमा दर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा **अनुसूची -१६** बमोजिम हुनेछ।

१९. **कर छुटः** (१) यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई सामान्यतया कुनै पनि किसिमको कर छुट दिईने छैन । तर बार्षक रुपमा तिर्नु पर्ने कर समयमा तिरी सहज सेवा प्रदान गरी नियम सम्मत छुट लिन चाहने सेवाग्राहीहरु र वातावरण संरक्षण तथा स्थानीय जनतालाई निश्चत प्रतिशतमा रोजगारी प्रदान गर्ने उद्योग/व्यवसायलाई **अनुसूची -१७** वमोजिम कर छुट प्रदान गरिनेछ।

२) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कुटनीतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्थाको वस्तु तथा कारोवारमा यस ऐन बमोजिमको कर लिईने छैन।

३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि लाभको उद्देश्य नराखी संचालन हुने संघ संस्थाहरुलाई सम्पत्ती कर, नक्सा पास दस्तुर, सरसफाई शुल्क जस्ता कर र दस्तुरहरु लगाइनेछ।

४) आय संकलन प्रयोजगनको लागि सूचना प्रकाशित गर्दा नै एक मुष्ट रकम बुझाई सम्झौता गर्ने ठेकेदारलाई सूचना बमोजिमको एक मुष्ठ रकम छुट दिईनेछ।

५) माथि जुनकुसै कुरा लेखिएको भए तापिन विपद, महामारी तथा संकटग्रस्त अवस्था श्रृजना भएमा कार्यालयको सिफारिसमा नगर प्रमुखले औचित्य हेरी कुनै प्रकारको कर वा सोको अम्समा छुट दिन सक्नेछ। त्यस्तो छुटको विवरण नगर सभामा पेश गर्नु पर्नेछ।

धुलिखेल नगरपालिका

२०. **प्रशासकीय पुनरावलोकन र पुनरावेदनः** (१) नगरपालिकाले गरेको कर, शुल्क, महसुल, दण्ड, जरिवाना सम्बन्धी निर्णयमा चित्त नबुझेमा करदाताले नगरपालिकामा प्रशासकीय पुनरावलोकनको लागि निबेदन दिन सक्नेछ।

२) उपदफा (१) बमोजिम परेको निबेदन उपर प्रशासकिय पुनरावलोकनको लागि कार्यपालिकाले प्रमुखको अध्यक्षतामा सम्बन्धित विषय विज्ञ समेत रहने गरी तीन सदस्यीय राजश्व प्रशासकीय पुनरावलोकन समिति गठन गर्नेछ । यस्तो समितिमा कर निर्धारणमा संलग्न पदाधिकारी वा कर्मचारीको सहभागिता रहनेछैन।

३) उपदफा (१) बमोजिम पुनरालोकनको लागि प्राप्त भएको निवेदन उपर पैतीस दिनभित्र छानविन तथा निर्णय गरी सम्वन्धित ब्यक्तिलाई निर्णयको जानकारी दिनु पर्नेछ।

४) नगरपालिकाले तोकिएको समयमा यस दफा बमोजिम प्रशासकीय पुनरावलोकन नगरेको कारणले करदालाई थप आर्थिक भार पर्न गई हानी नोक्सानी पर्न गएमा नगरपालिकाले त्यसको क्षतिपुर्ति दिनु पर्दछ।

२१. **ठेक्का आह्वान गर्न सक्नेः** (१) यस ऐन बमोजिम संकलन गर्ने सेवा शुल्क र दस्तुर कार्यपालिकाले आवश्यकता अनुसार एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोवस्त गरी संकलन गर्न सक्नेछ।

तर, आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा दुई वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिनेछ।

२) यस दफा बमोजिमको आय ठेक्का दिदा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीले मात्र प्रतिस्पर्धा गर्ने गरी व्यबस्था मिलाउनु पर्नेछ।

३) नगरपालिकाले सामान्यतया आर्थिक वर्ष शुरु हुनुभन्दा अगावै ठेक्का बन्दोवस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ।

४) नगरपालिकाले कर संकलन गर्न सामान्यतया ठेक्का बन्दोबस्त गरिने छैन । तर जडिबुटी, कवाडी र जीबजन्तु कर तथा विज्ञापन कर संकलन गर्न ठेक्का बन्दोबस्त नै गर्नु पर्ने अवस्थामा सभाको निर्णय गराई ठेक्कामा संकलन गर्न सकिनेछ।

५) यस दफा बमोजिम गरिने आय ठेक्का बन्दोबस्तका लागि बोलपत्र, दरभाउपत्र तथा डाँक बढाबढ सम्बन्धी कार्यविधि र पट्टा कबुलियत, धरौटी, किस्ता र ठेक्का तोड्ने जस्ता कार्यविधिहरु अर्को व्यबस्था नभएसम्म स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ (संशोधन समेत) लाई आधार मानी गरिनेछ।

२२. **सहयोग गर्नुपर्नेः** संघीय तथा प्रदेश सरकारका कार्यालयहरुले नगरपालिकाको राजस्व असुली कार्यमा आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ।

२३. **प्रगतिशील कर प्रणाली अवलम्बन गरिनेः** नगरपालिकाले करको दर निर्धारण गर्दा गरिब तथा विपन्न वर्गलाई कम बोझ पर्ने गरी प्रगतिशील कर प्रणाली अवलम्बन गर्नुपर्नेछ।

धुलिखेल नगरपालिका

२१. **<u>कर संकलनको लागि सेवा रोक्न सक्ने:</u>** (१) नगरपालिकाले निर्धारण गरेको कर तोकिएको समयमा दाखिला नगरेमा नेपाली नागरिकताको प्रमाण पत्र लिने सिफारिश बाहेकका अन्य सबै सेवा प्रवाह रोक्का गरी कर संकलन गर्न सकिनेछ,

२) नगरपालिकामा विभिन्न प्रकारका कर तथा शुल्क भुक्तानी गर्नुपर्ने दायित्व भएको व्यक्तिले अन्य कर भुक्तानी नगरी सम्पत्ति कर तिर्न नपाउने गरी सेवा रोक्का गर्न सकिनेछ,

३) सेवा प्रवाहको मुख्य थलो वडा कार्यालय भएको कारणले नगरस्तरीय कर चुक्ताको प्रमाण कागज संलग्न नभए सम्म वडा कार्यालयले सेवा प्रवाह गर्ने छैनन् । कर असुली र कर प्रशासनमा सघाउनु वडा अध्ययक्ष तथा वडा कार्यालयको कर्तब्य हुनेछ ।

२४. **<u>नगरस्तरीय कर चुक्ता प्रमाण पत्र जारी गर्ने:</u>** (१) नगरपालिकामा दर्ता भै ब्यवसाय गर्ने करदाताहरुलाई नेपाल सरकारको कर कार्यालयबाट कर चुक्ता प्रमाण पत्र लिनु पूर्व नगरपालिकाबाट कर चुक्ताको प्रमाण पत्र लिनु पर्ने ब्यवस्था गरिनेछ । यस प्रयोजनको लागि सम्बन्धित कर कार्यालयलाई नगरपालिकाबाट कर चुक्ता प्रमाण पत्र प्राप्त भए पछि मात्र त्यहाँबाट त्यस्तो प्रमाण पत्र जारी गर्ने गरी ब्यवस्थापन गर्न अनुरोध गरिनेछ।

२) नगरपालिका क्षेत्रमा दर्ता भै ब्यवसाय गर्ने संस्थालाई कर चुक्ताको प्रमाण पत्र पेश नगरेमा त्यस्तो संस्था सँग नगरपालिककाले कुनै आर्थिक कारोवार गर्ने छैन।

३) आर्थिक वर्षको असोज मसान्त सम्ममा कर दाखिला गर्ने समय भएकोले उक्त अवधिमा सेवा दिदा कर चुक्ता प्रमाण पत्र आवश्यक पर्ने छैन। यसै गरी पौष मसान्त सम्मको लागि कर दाखिला गर्ने म्याद थप गर्न सकिने र सो अवधि सम्प म्याद थपको पत्र पेश भएमा कर चुक्ताको प्रमाण-पत्र अनिवार्य गरिने छैन। तत् पश्चात सेवा प्रवाह गर्दा कर चुक्ता प्रमाण-पत्र अनिवार्य आवश्यक पर्नेछ।

४) प्रस्तुत दफाको प्रयोजनको लागि ब्यक्तिगत स्वमित्वमा रहेको घर जग्गाको सम्पत्ती कर तिरेको रसिदलाई कर चुक्ता प्रमाण-पत्रको रुपमा मान्यता दिइनेछ।

२५. **<u>किस्तामा कर तिर्न सकिने:</u>** (१) नगरपालिकाबाट निर्धारण भएको कर, करदाताको अनुरोधमा २ वा ३ किस्तामा तिर्नु पर्ने गरी कायम गर्न सकिनेछ।

२६. **<u>प्रचलित कानून बमोजिम हुने:</u>** यस ऐनमा उल्लेख गरिएका बिषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका बिषयमा प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

२७. **<u>करदाताको पहिचान तथा दर्ता :</u>**

१) व्यवसाय संचालन गर्नुपूर्व दर्ता गरेर मात्र व्यवसाय संचालन गर्नु पर्नेछ।

२) कर एकाईले यस ऐन बमोजिम कर तिर्नु पर्ने व्यक्ति वा करदाताको पहिचान गर्नु पर्नेछ।

३) उपदफा (२) बमोजिम करदाताको पहिचान गर्दा व्यक्ति वा करदाताको नाममा रहेको सम्पत्ति, निजले गरेको कारोवार र कर एकाईलाई कुनै स्रोतबाट प्राप्त सुचना र सो एकईले छानविन गर्दा देखिएका आधारमा करदाताको पहिचान गरिनेछ।



धुलिखेल नगरपालिका

४) कर एकाइले यस ऐन बमोजिम कर तिर्नुपर्ने दायित्व भएका करदाताको विवरण खुलाई करदाता दर्ता गरी राख्नु पर्नेछ।

५) नेपाल सरकारबाट स्थायी लेखा नम्बर लिएका करदाताले कर सम्बन्धी कारोबार गर्दा सोही नम्बरको प्रयोग गर्नु पर्नेछ।

२८. **करदाताको दायित्वः** यस ऐन बमोजिम कर तिर्नु पर्ने कर्तव्य भएका करदाताको देहाय बमोजिमको दायित्व हुनेछः

क. आफूलाई करदाताको रुपमा दर्ता गराउने,

ख. निर्धारित समयमा विवरण पेश गर्ने,

ग. निर्धारित समयमा कर रकम दाखिला गर्ने,

घ. यस ऐन बमोजिम कुनै शुल्क, जरिवाना वा व्याज बुझाउनुपर्ने भए समयमा बुझाउने,

ङ. हिसाव किताब र अभिलेख दुरुस्त राख्ने

च. कर अधिकृतले मागेको सूचना तथ्यांक समयमा उपलब्ध गराउने,

छ. कर एकाईलाई आवश्यक सहयोग गर्ने।

२९. **करदाताको अधिकारः** (१) करदातालाई देहाय बमोजिमको अधिकार हुनेछः

क. सम्मानपूर्वक व्यवहारको अधिकार,

ख. प्रचलित कानून बमोजिम कर सम्बन्धी सूचना प्राप्त गर्ने अधिकार,

ग. कर सम्बन्धी विषयमा प्रमाण पेश गर्ने मौका प्राप्त गर्ने अधिकार,

घ. प्रतिरक्षाको लागि कानून व्यवसायी वा लेखा परीक्षक नियुक्त गर्ने अधिकार,

ङ. कर सम्बन्धी गोप्य कुराहरु यस ऐनमा उल्लेख भए बाहेक अनतिक्रम्य हुने अधिकार।

(२) करदाताले उपदफा (१) बमोजिमको अधिकारको दावी गर्न आफ्नो दायित्व पुरा गरेको हुनुपर्नेछ।

३०. **विवरण दाखिला गर्न आदेश दिन सक्नेः** (१) यस ऐन बमोजिम कर बुझाउनुपर्ने दायित्व भएको व्यक्तिले कर विवरण नबुझाएमा वा विवरण दाखिला गर्दा व्यहोरा फरक पारी दाखिला गरेको भनी शंका गर्न सकिने आधार र कारण भएमा कर अधिकृतले आधार र कारण खोली कर विवरण दाखिला गर्न आदेश दिन सक्नेछ| त्यस्तो आदेश प्राप्त भएमा सम्बन्धित व्यक्तिले सो आदेश प्राप्त भएको मितिले एक महिना भित्र कर एकाईमा विवरण दाखिला गर्नु पर्नेछ।

३१. **विवरण सच्याउन सकिनेः** यस परिच्छेद बमोजिमको कर विवरण दाखिला भै सकेपछि कुनै तथ्य सम्बन्धी वा गणितीय भूल भएको भन्ने लागेमा करदाताले पहिला विवरण दाखिला भएको मितिले तीन (३) महिना भित्र यथार्थ, तथ्य र सही अंक सहितको अर्को विवरण पेश गर्न सक्ने छ।

धुलिखेल नगरपालिका

३२. **कर दाखिला गर्नुपर्ने**: (१) यस ऐन बमोजिम दाखिला गर्नुपर्ने कर ऐनमा उल्लेख गरिएकोमा सोही समयमा र समय उल्लेख नभएको हकमा प्रत्येक आर्थिक वर्षको आश्विन मसान्त भित्र कर एकाईमा दाखिला गर्नुपर्नेछ।

(२) यस ऐन बमोजिम अग्रिम कर कट्टी गरि दाखिला गर्नुपर्ने कर कट्टी भएको महिना पछिको महिनाको २५ गते भित्र कर एकाईमा दाखिला गर्नु पर्नेछ।

३३. **कर दाखिलाको निस्सा दिनु पर्ने**: करदाताले यस ऐन बमोजिम बुझाउनु पर्ने कर वा गैरकर राजस्व वा अन्य रकम बुझाए पछि करदातालाई तत्काल त्यसको निस्सा दिनु पर्नेछ | त्यस्तो निस्सा पत्र, एसएमएस जुनसुकै माध्यमबाट दिन सकिनेछ।

३४. **कर फिर्ता सम्बन्धी व्यवस्था**: (१) करदाताले यस ऐन बमोजिम कर बुझाउँदा तिर्नु पर्ने भन्दा बढी कर दाखिला गरेकोमा सो कर रकम फिर्ता माग गर्न सक्नेछ।

(२) उप दफा (१) फिर्ताको लागि निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा प्रमुख प्रशासकीय अधिकृतले निवेदन परेको एक महिना भित्र माग बमोजिम फिर्ता दिने निर्णय गर्नु पर्नेछ।

३५. **कर समायोजन सम्बन्धी व्यवस्था**: (१) करदाताले दफा ३४ बमोजिम फिर्ता पाउने ठहरिएको रकम दाखिला गर्नु पर्ने कर रकममा समायोजन गर्न कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ।

(२) उप दफा (२) बमोजिम निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा कर अधिकृतले निवेदन परेको एक महिना भित्र माग बमोजिम समायोजन गर्न आदेश दिनु पर्नेछ।

३६. **उजुरी नलाग्ने**: यस ऐन बमोजिम प्रशासकीय पुनरावलोकन गर्न सकिने विषयमा त्यस्तो पुनरावलोकन नभई कुनै अदालतमा कुनै उजुर लाग्ने छैन।

३७. **पुनरावेदन दिन सक्ने**: (१) प्रशासकीय पुनरावलोकनको निर्णय भएकोमा सो मितिले र प्रशासकीय पुनरावलोकन नहुने विषयमा कारण परेको मितिले चित्त नबुझ्ने पक्षले ६० (साठी) दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

(२) जिल्ला अदालत गरेको निर्णय अन्तिम हुने छ।

३८. **अदालतलाई भए सरहको अधिकार हुने**: यस ऐनको प्रयोजनको लागि नगर कार्यपालिकाको अधिकार प्राप्त अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने र लिखतहरु पेश गर्न लगाउने सम्बन्धमा प्रचलित नेपाल कानून बमोजिम अदालतलाई भए सरहको अधिकार हुनेछ।

३९. **आदेश वा निर्देशन दिन सक्ने**: संघीय र प्रदेश सरकारले कर प्रशासनलाई प्रभावकारी बनाउन नेपालको संविधान र संघीय तथा प्रदेश सरकारको कर सम्बन्धी कानून र यो ऐनको प्रावधानलाई कार्यन्वयन गर्न गराउन आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ | यस्तो आदेश वा निर्देशन पालना गर्नु नगर कार्यपालिकाको कर्तव्य हुनेछ।

४०. **पुरस्कृत गर्न सक्ने**: (१) नगरपालिकाले यथार्थपरक र विश्वसनीय रुपमा तथा कानूनले तोकेको म्याद भित्र कर विवरण बुझाउने, लागेको कर दाखिला गर्ने र कर अधिकृतले अनुरोध गरेका



धुलिखेल नगरपालिका

सूचना उपलब्ध गराउने तीन जना करदातालाई प्रत्येक वर्ष पुरस्कार दिने व्यवस्था गर्न सक्ने छ।

(२) उपदफा (१) बमोजिम दिइने पुरस्कार सम्बन्धी अन्य व्यवस्था धुलिखेल नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

४१. **कर परीक्षण र कर निर्धारणः** (१) यस ऐन वमोजिम करदाताले विवरण पेश नगरेको वा पेश गरेको विवरणमा देहायका सबै वा कुनै काम कुरा भए गरेको देखिएमा कर अधिकृतबाट कर परीक्षण गरी कर निर्धारण गरिनेछः

(क) खातापाता, हरहिसाव वा अभिलेख दुरुस्त नदेखिएमा।

(ख) गलत वा झुट्टा कागजात/ विवरण संकलन गरेको देखिएमा ।

(ग) यथार्थ कारोवार नदेखिएको विश्वास गर्नु पर्ने कारण भएमा ।

(घ) कारोवारका आधारमा करको दायित्व कम देखिएमा ।

(ङ) करको दर फरक पारेकोमा ।

(च) कानून वमोजिम कर- छुट वा मिनाहा हुन नसक्नेमा पनि सोको दावी गरेकोमा।

(२) उपदफा(१) वमोजिम कर निर्धारण गर्नुपर्ने देखिएमा करदातालाई आधार र कारण खुलाई आफ्नो स्पष्टीकरण पेश गर्न तीस दिनको सूचना दिनु पर्नेछ।

(३) उपदफा (२) वमोजिम सूचना प्राप्त भएकोमा करदाताले सूचनामा तोकिएको म्याद भित्र आफ्नो स्पष्टीकरण पेश गर्नु पर्नेछ।

(४) कर अधिकृतले उपदफा (३) वमोजिम तोकिएको म्यादभित्र करदाताले स्पष्टीकरण पेश गरेमा सो समेतलाई आधार बनाई र स्पष्टीकरण पेश नगरेमा कानुन वमोजिम कर निर्धारण गर्नु पर्नेछ।

(५) स्वयं कर निर्धारण गरी विवरण पेश गरेको मितिले चार वर्ष भित्र कर अधिकृतले पुनः कर निर्धारण वा संशोधित कर निर्धारण गर्नुपर्ने सन्तोषजनक आधार र कारण भएमा करदातालाई सफाईको मौका दिई त्यस्तो कर निर्धारण गर्न सक्ने छ।

४२. **कर निर्धारणको सूचनाः** (१) यस ऐन वमोजिम कर अधिकृतबाट कर निर्धारण भएकोमा बुझाउनु पर्ने कर रकम, स्थान, समय सीमा र बैंक खाता नम्बर समेत उल्लेख गरी करदातालाई कर निर्धारणको सूचना दिनु पर्नेछ।

(२) यस ऐन वमोजिमको कर दाखिला गर्दा निर्धारणको सूचना प्राप्त भएपछि करदाताले सो सूचनामा उल्लेखित स्थान र समय सीमा भित्र कर दाखिला गर्नु पर्ने छ।

(३) उपदफा (१) वमोजिम कर रकम बैंक दाखिला गरिएकोमा करदाताले त्यसको सम्बन्धित भौचर कर कार्यालयमा बुझाउनु पर्नेछ ।

धुलिखेल नगरपालिका

(४) प्रस्तुत ऐन कार्यान्वयन गर्नको लागि आर्थिक प्रशासन शाखाको प्रमुखले कर अधिकृतको रुपमा काम गर्नु पर्नेछ । निजले प्रमुख प्रशासकीय अधिकृतको मातहतमा रही कार्य गर्नेछ।

४३. **<u>कर संकलन सम्बन्धी व्यवस्था:</u>** (१) यस ऐन बमोजिम असुल उपर गर्नु पर्ने कर, ब्याज र शुल्क वापतको रकम करदाताले यस ऐनमा तोकिएको अवधिमा दाखिला नगरेमा प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृति लिई देहायको एक वा एक भन्दा बढी तरिका वमोजिम कर असुल गर्न सक्नेछ।

(क) करदातालाई फिर्ता गर्नु पर्ने रकम भए त्यसमा कट्टा गरेर |

(ख) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा सरकारी स्वामित्वका संस्थाबाट करदाताको रकमबाट कट्टा गर्न लगाएर।

(ग) कुनै तेस्रो व्यक्तिले करदातालाई तिर्नु पर्ने रकम करदाताको पूर्व सहमति लिई कट्टा गरेर |

(घ) बैंक वा वित्तीय संस्थामा रहेको करदाताको रकमबाट कट्टा गर्न लगाएर।

(ङ) करदाताको कारोवार रोक्का गरेर।

(च) करदाताको चल तथा अचल सम्पत्ति माथि दावी वा कब्जा गरेर।

(छ) करदाताको सम्पत्ति एकैपटक वा पटक पटक गरी तोकिय बमोजिम लिलाम विक्री गरेर।

(२) उपदफा (१) को खण्ड (६) बमोजिम लिलामको कारवाही शुरु भएपछि सो कारवाही समाप्त हुनु पूर्व कर दाखिला गर्न ल्याएमा बुझाउन वाँकी कूल रकमको थप ५ प्रतिशत शुल्क सहित असुल गरिनेछ।

(३) लिलामबाट प्राप्त रकम करदाताले तिर्नु पर्ने कर रकम भन्दा बढी भएमा बढी भए जति रकम साठी दिन भित्र सम्बन्धित करदातालाई फिर्ता दिनु पर्नेछ।

(४) उपदफा (३) वमोजिम रकम फिर्ता गर्दा निजले उपलब्ध गराएको बैंक खातामा जम्मा गरिदिनु पर्नेछ।

४४. **<u>जरिवाना लाग्ने:</u>** यस ऐन पालना नगरी करको दायित्व घटाएमा कर अधिकृतले कर बिगोको दश प्रतिशत जरिवाना गर्न सक्नेछ।

४५. **<u>ब्याज लाग्ने:</u>** यस ऐन बमोजिम दाखिला गर्नु पर्ने कर समयमा दाखिला नगरेमा तिर्नु बुझाउनु पर्ने रकमको वार्षिक दश प्रतिशत ब्याज लाग्नेछ।

४६. **<u>अभिलेख नराखेमा शुल्क लाग्ने:</u>** यस ऐन बमोजिम अभिलेख राख्नुपर्ने कर्तब्य भएका करदाताले अभिलेख नराखेमा रु.१०००/- शुल्क लाग्नेछ।

धुलिखेल नगरपालिका

४७. **समयमा विवरण दाखिला नगरेमा शुल्क लाग्ने** : यस ऐन बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले समयमा विवरण दाखिला नगरेमा प्रति विवरण रु.१०००।- शुल्क लाग्नेछ।

४८. **झुट्टा विवरण दिएमा शुल्क लाग्ने**ः यस ऐन बमोजिम दाखिला गर्नु पर्ने दायित्व भएका करदाताले झुट्टा विवरण दाखिला गरी करको दायित्व घटाएमा फरक परेको कर रकम असुल गरी सो को दश प्रतिशत शुल्क लाग्नेछ।

४९. **ब्याज नलाग्ने**ः यस ऐन बमोजिम लाग्ने शुल्क ब्याज र जरिवानामा पूनः ब्याज लाग्ने छैन।

५०. **कागजातको ढाँचा**ः (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको निर्देशिकामा उल्लेख नभएको वा नतोकिएको कुनै विवरण, ढाँचा, तरिका वा जानकारी सम्बन्धमा आवश्यक व्यवस्था गर्न उपर्युक्त देखिएमा स्थानीय सरकारले आदेश वा सूचना जारी गरी आवश्यक व्यवस्था गर्न सक्ने छ।

(२) उपदफा (१) बमोजिम आदेश वा सूचना सर्वसाधारणको जानकारीको लागि स्थानीय सरकारको कार्यालयको सूचना पाटी, वेबसाइट र स्थानीय पत्र पत्रिकाको मध्यमबाट उपलब्ध गराउन सकिने छ।

५१. **सूचना तामेली रीत पुगेको मानिने**ः (१) यस ऐन बमोजिम दिनु पर्ने म्याद, सूचना वा कागजात देहाय बमोजिम बुझाएमा वा पठाएमा सम्बन्धित व्यक्तिलाई बुझाएको वा दिइएको मानिनेछ।

(क) सम्बन्धित व्यक्तिलाई नै बुझाएको

(ख) निजको परिवारको उमेर पुगेको सदस्यलाई बुझाएको

(ग) नवालिगको हकमा संरक्षक वा माथवर व्यक्तिलाई बुझाएको

(घ) कार्यालय संस्था वा निकायको हकमा प्रवन्धक वा प्रशासकीय प्रमुखलाई बुझाएको

(ङ) करदाताको ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पठाएको

(२) कर एकाईको अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत गरिएको, कम्प्युटर प्रविधिबाट ईनस्क्रिप्ट वा इनकोड गरिएको, चाप लगाईएको वा सो कागजातमा लेखी यस ऐन बमोजिम जारी गरिएको, तामेली गरिएको वा दिईएको कागजातलाई रीतपुर्वकको मानिनेछ।

५२. **नगदी रसिद रद्द गर्न सक्ने**ः (१) कर दस्तुर संकलन गर्दा काटिएका आम्दानी रसिद रद्द गर्नु पर्ने अवस्था आएमा सम्बन्धित संकलनकर्ताले कारण खुलाई सक्कलै नगदी रसिद संलग्न गरी अधिकार प्राप्त अधिकारीबाट निर्णय भएमा रद्द गरी सम्बन्धित ब्यक्तिलाई रकम फिर्ता गर्न सकिनेछ।

२) उपदफा (१) बमोजिम रद्द गरिएका रसिदको विवरण राजश्व शाखाले प्रमाणित गरी राख्नु पर्नेछ।

५३. **कार्यविधि बनाउन सक्ने**ः (१) ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि नगरपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागू गर्न सक्नेछ।

२) उपदफा (१) बमोजिम वनेको कार्यविधि वा निर्देशिका सम्वन्धित कार्यपालिकावाट स्वीकृत भई सार्वजनिक भए पछि लागू हुनेछ।

**५४. बाधा अड्काउ फुकाउः** (१) यो ऐनको ब्यवस्था कार्यान्वयनमा कुनै दुविधा उत्पन्न भएमा बाधा अड्काउ फुकाउको अधिकार नगर प्रमुखमा रहनेछ। त्यस्तो बाधा अड्काउ फुकाउको बिषय कार्यपालिका मार्फत नगर सभामा पेश हुनेछ।

धुलिखेल नगरपालिका

**अनुसूची -१**

(ऐनको दफा २ सँग सम्बन्धित)

**सम्पत्ति करको दर**

**लेखा कोडः ११३१३ कम्प्युटर कोड**

| सि.नं. | कर योग्य सम्पत्तिको मूल्य | इकाई | आ.ब. २०७८/७९ को प्रस्तावित दर | कैफियत |
|---|---|---|---|---|
| १ | पाँच लाख रुपैयाँ सम्मको मूल्यांकनमा | एकमुष्ठ | २२०।- | |
| २ | थप पैतालीस लाख रुपैयाँ सम्म | प्रति लाख | २२।- | |
| ३ | एकाउन्न लाख देखि एक करोड रुपैयाँ सम्म | प्रति लाख | २७।- | |
| ४ | एक करोड एक लाख देखि दुई करोड रुपैयाँ सम्म | प्रति लाख | ३२।- | |
| ५ | दुई करोड एक लाख रुपैयाँ देखि तीन करोड रुपैयाँ सम्म | प्रति लाख | ३७।- | |
| ६ | तीन करोड एक लाख रुपैयाँ देखि पाँच करोड रुपैयाँ सम्म | प्रति लाख | ४२।- | |
| ७ | पाँच करोड भन्दा माथि | प्रति लाख | ४७।- | |

*नोटः मूल्यांकन रकमलाइ रु.लाखमा (round Figure) मा परिणत गरी करको दर निर्धारण हुनेछ र Round Figure मा लैजाँदा ५० हजार भन्दा कम भए तल्लो अंकमा र वढी भए उपल्लो अंकमा लगिने छ ।*

**अनुसूची -१.१**

**धुलिखेल नगरपालिका भित्रका जग्गाको मुल्याङ्कन दर**

**क) हालको वडा नं. १**

| सि.नं. | जग्गा तथा सडकको विवरण | सडकको किसिम | प्रति आना मुल्यांकन | कैफियत |
|---|---|---|---|---|
| १ | रवी चमारे छागे अनेकोट सडक | पक्की सडक/ढलान | ४०,०००।- | |
| २ | रवी चमारे छागे अनेकोट सडक | कच्ची सडक | ३०,०००।- | |
| ३ | डुडाको मुख ० कि.मी. देवीटार अनेकोट सडक | पक्की सडक/ढलान | ४०,०००।- | |
| ४ | डुडाको मुख ० कि.मी. देवीटार अनेकोट सडक | कच्ची सडक | ३०,०००।- | |
| ५ | पक्की मोटर बाटो सँग जोडिएका जग्गाहरु | पक्की सडक/ढलान | ४०,०००।- | |
| ६ | कच्ची मोटर बाटोसँग जोडिएका जग्गाहरु | कच्ची सडक | २०,०००।- | |
| ७ | गोरेटो बाटोसँग जोडिएका जग्गाहरु | गोरेटो बाटो | १२,५००।- | |
| ८ | अन्य खेत/पाखा समेत | बाटो नभएको | ६,५००।- | |

| सि.नं. | जग्गा तथा सडकको विवरण | सडकको किसिम | प्रति आना मुल्यांकन | कैफियत |
|---|---|---|---|---|

**ख) हालको वडा नं. २**

| सि.नं. | जग्गा तथा सडकको विवरण | सडकको किसिम | प्रति आना मुल्यांकन | कैफियत |
|---|---|---|---|---|
| १ | बनेपा रविओपी पाँचखाल सडक | पक्की सडक/ढलान | ५०,०००।- | |
| २ | बनेपा रविओपी पाँचखाल सडक | कच्ची सडक | ३०,०००।- | |
| ३ | रवीगाउँ कुत्ताल पंचकन्या सडक | पक्की सडक/ढलान | ५०,०००।- | |
| ४ | रवीगाउँ कुत्ताल पंचकन्या सडक | कच्ची सडक | ३०,०००।- | |
| ५ | पक्की मोटर बाटो सँग जोडिएका जग्गाहरु | पक्की सडक/ढलान | ४०,०००।- | |
| ६ | कच्ची मोटर बाटोसँग जोडिएका जग्गाहरु | कच्ची सडक | २०,०००।- | |
| ७ | गोरेटो बाटोसँग जोडिएका जग्गाहरु | गोरेटो बाटो | १२,५००।- | |
| ८ | अन्य खेत/पाखा समेत | बाटो नभएको | ६,५००।- | |

**ग) हालको वडा नं. ३**

| सि.नं. | जग्गा तथा सडकको विवरण | सडकको किसिम | प्रति आना मुल्यांकन | कैफियत |
|---|---|---|---|---|
| १ | अरनिको राजमार्गसँग जोडिएका जग्गाहरु - बस पार्क देखि अठ्ठाइ कि.लो. बनेपाको सिमानासम्म | अरनीको हाइ वे | ६,००,०००।- | |
| २ | पंचकन्या कुत्ताल रवीगाउँ सडक | पक्की सडक/ढलान | २,००,०००।- | |
| ३ | पंचकन्या कुत्ताल रवीगाउँ सडक | कच्ची सडक | ५०,०००।- | |
| ४ | पक्कि मोटर बाटोसँग जोडिएका जग्गाहरु | पक्की सडक/ढलान | २,००,०००।- | |
| ५ | कच्ची मोटर बाटोसँग जोडिएका जग्गाहरु | कच्ची सडक | ५०,०००।- | |
| ६ | गोरेटो बाटोसँग जोडिएका जग्गाहरु | गोरेटो वाटो | १५,०००।- | |
| ७ | अन्य खेत/पाखा समेत | बाटो नभएको | ६,५००।- | |

**घ) हालको धुलिखेल वडा नं. ४**

| सि.नं. | जग्गा तथा सडकको विवरण | सडकको किसिम | प्रति आना मुल्यांकन | कैफियत |
|---|---|---|---|---|
| १ | अरनिको राजमार्गसँग जोडिएका जग्गाहरु -बस पार्क देखि अठ्ठाइ कि.लो. बनेपाको सिमानासम्म | अरनिको हाइ वे | ६,००,०००।- | |
| २ | वि.पी. राजमार्गसँग जोडिएका जग्गाहरु | वि.पी. हाइ वे | ४,७५,०००।- | |

| सि.नं. | जग्गा तथा सडकको विवरण | सडकको किसिम | प्रति आना मुल्यांकन | कैफियत |
|---|---|---|---|---|
| ३ | पक्कि मोटर बाटोसँग जोडिएका जग्गाहरु | पक्की सडक/ढलान | ३,५०,०००।- | |
| ४ | कच्ची मोटर बाटोसँग जोडिएका जग्गाहरु | कच्ची सडक | २,००,०००।- | |
| ५ | गोरेटो बाटोसँग जोडिएका जग्गाहरु | गोरेटो बाटो | १००,०००।- | |
| ६ | अन्य खेत/पाखा समेत | बाटो नभएको | ६५,०००।- | |

**ङ) हालको धुलिखेल वडा नं. ५**

| सि.नं. | जग्गा तथा सडकको विवरण | सडकको किसिम | प्रति आना मुल्यांकन | कैफियत |
|---|---|---|---|---|
| १ | बनेपा पनौती सडकसँग जोडिएका जग्गाहरु | जिल्लास्तरीय सडक | ४,५०,०००।- | |
| २ | पक्कि मोटर बाटोसँग जोडिएका जग्गाहरु | पक्की सडक/ढलान | ३,५०,०००।- | |
| ३ | कच्ची मोटर बाटोसँग जोडिएका जग्गाहरु | कच्ची सडक | २,००,०००।- | |
| ४ | गोरेटो बाटोसँग जोडिएका जग्गाहरु | गोरेटो बाटो | १००,०००।- | |
| ५ | अन्य खेत/पाखा समेत | बाटो नभएको | ६५,०००।- | |

**च) हालको धुलिखेल वडा नं. ६**

| सि.नं. | जग्गा तथा सडकको विवरण | सडकको किसिम | प्रति आना मुल्यांकन | कैफियत |
|---|---|---|---|---|
| १ | अरनिको राजमार्गसँग जोडिएका जग्गाहरु - बस पार्क देखि अठ्ठाइ कि.लो. बनेपाको सिमानासम्म | अरनिको हाइ वे | ६,००,०००।- | |
| २ | वि.पी. राजमार्गसँग जोडिएका जग्गाहरु | वि.पी. हाइ वे | ४,७५,०००।- | |
| ३ | पक्कि मोटर बाटोसँग जोडिएका जग्गाहरु | पक्की सडक/ढलान | ३,५०,०००।- | |
| ४ | कच्ची मोटर बाटोसँग जोडिएका | कच्ची सडक | २,००,०००।- | |
| ५ | गोरेटो बाटोसँग जोडिएका जग्गाहरु | गोरेटो बाटो | १००,०००।- | |
| ६ | अन्य खेत/पाखा समेत | बाटो नभएको | ६५,०००।- | |

**छ) हालको धुलिखेल वडा नं. ७**

| सि.नं. | जग्गा तथा सडकको विवरण | सडकको किसिम | प्रति आना मुल्यांकन | कैफियत |
|---|---|---|---|---|
| १ | अरनिको राजमार्गसँग जोडिएका जग्गाहरु - बस पार्क देखि खावासम्म | अरनिको हाइ वे | ६,००,०००।- | |

| सि.नं. | जग्गा तथा सडकको विवरण | सडकको किसिम | प्रति आना मुल्यांकन | कैफियत |
|---|---|---|---|---|
| २ | वि.पी. राजमार्गसँग जोडिएका जग्गाहरु | वि.पी. हाइ वे | ४,७५,०००।- | |
| ३ | पक्कि मोटर बाटोसँग जोडिएका जग्गाहरु | पक्की सडक/ढलान | ३,५०,०००।- | |
| ४ | कच्ची मोटर बाटोसँग जोडिएका जग्गाहरु | कच्ची सडक | २,००,०००।- | |
| ५ | गोरेटो बाटोसँग जोडिएका जग्गाहरु | गोरेटो बाटो | १००,०००।- | |
| ६ | अन्य खेत/पाखा समेत | बाटो नभएको | ६५,०००।- | |

**ज) हालको वडा नं. ८**

| सि.नं. | जग्गा तथा सडकको विवरण | सडकको किसिम | प्रति आना मुल्यांकन | कैफियत |
|---|---|---|---|---|
| १ | अरनिको राजमार्गसँग जोडिएका जग्गाहरु - बस पार्क देखि खावासम्म | अरनिको हाइ वे | २,००,०००।- | |
| २ | पिपलबोट भट्टीडाडा काभ्रे भञ्ज्याङ्ग सडक | पक्की सडक/ढलान | २००,०००।- | |
| ३ | पिपलबोट भट्टीडाडा काभ्रे भञ्ज्याङ्ग सडक | कच्ची सडक | १,००,०००।- | |
| ४ | खावा वडालगाउँ सरश्वती मा.वी. हुदै मानेगोठ | पक्की सडक/ढलान | १,००,०००।- | |
| ५ | खावा वडालगाउँ सरश्वती मा.वी. हुदै मानेगोठ | कच्ची सडक | ४०,०००।- | |
| ६ | हात्तीगौडा कामपानी दारिमबोट पात्लेखेत | पक्की सडक/ढलान | १,००,०००।- | |
| ७ | हात्तीगौडा कामपानी दारिमबोट पात्लेखेत | कच्ची सडक | ४०,०००।- | |
| ८ | खावा शिखरकटेरी ठूलीटार कल्छे सडक | पक्की सडक/ढलान | १,००,०००।- | |
| ९ | खावा शिखरकटेरी ठूलीटार कल्छे सडक | कच्ची सडक | ४०,०००।- | |
| १० | पक्की मोटर बाटो सँग जोडिएका जग्गाहरु | पक्की सडक/ढलान | १,००,०००।- | |
| ११ | कच्ची मोटर मोटर बाटोसँग जोडिएका जग्गाहरु | कच्ची सडक | ४०,०००।- | |
| १२ | गोरेटो बाटोसँग जोडिएका जग्गाहरु | गोरेटो बाटो | १५,०००।- | |
| १३ | अन्य खेत/पाखा समेत | बाटो नभएको | १०,०००।- | |

**झ) हालको वडा नं. ९**

| सि.नं. | जग्गा तथा सडकको विवरण | सडकको किसिम | प्रति आना मुल्यांकन | कैफियत |
|---|---|---|---|---|
| १ | वि.पी. राजमार्गसँग जोडिएका जग्गाहरु | वि.पी. हाइ वे | १५०,०००।- | |
| २ | काभ्रेभञ्ज्याङ्ग पात्लेखेल नमोबुद्ध सडक | पक्की सडक/ढलान | १५००००।- | |
| ३ | काभ्रेभञ्ज्याङ्ग भट्टीडाडा पिपलबोट सडक | पक्की सडक/ढलान | २०००००।- | |

| सि.नं. | जग्गा तथा सडकको विवरण | सडकको किसिम | प्रति आना मुल्यांकन | कैफियत |
|---|---|---|---|---|
| ४ | काभ्रेभञ्ज्याङ्ग भट्टीडाडा पिपलबोट सडक | कच्ची सडक | १,००,०००।- | |
| ५ | विपी राजमार्ग ठूलीटार अरनीको राजमार्ग सडक | पक्की सडक/ढलान | १,००,०००।- | |
| ६ | विपी राजमार्ग ठूलीटार अरनीको राजमार्ग सडक | कच्ची सडक | ४०,०००।- | |
| ७ | खावा शिखरकटेरी ठूलीटार कल्छे सडक | पक्की सडक/ढलान | १,००,०००।- | |
| ८ | खावा शिखरकटेरी ठूलीटार कल्छे सडक | कच्ची सडक | ४०,०००।- | |
| ९ | पक्की मोटर बाटो सँग जोडिएका जग्गाहरु | पक्की सडक/ढलान | १,००,०००।- | |
| १० | कच्ची मोटर मोटर बाटोसँग जोडिएका जग्गाहरु | कच्ची सडक | ४०,०००।- | |
| ११ | गोरेटो बाटोसँग जोडिएका जग्गाहरु | गोरेटो बाटो | १५,०००।- | |
| १२ | अन्य खेत/पाखा समेत | बाटो नभएको | १०,०००।- | |

**ञ) हालको वडा नं. १०**

| सि.नं. | जग्गा तथा सडकको विवरण | सडकको किसिम | प्रति आना मुल्यांकन | कैफियत |
|---|---|---|---|---|
| १ | वि.पी. राजमार्गसँग जोडिएका जग्गाहरु | वि.पी. हाई वे | १५०,०००।- | |
| २ | वि.पी. राजमार्ग शारदा बतासे शंखु नमोवुद्ध सडक | पक्की सडक/ढलान | १०००००।- | |
| ३ | वि.पी. राजमार्ग शारदा बतासे शंखु नमोवुद्ध सडक | कच्ची सडक | ६०,०००।- | |
| ४ | इट्टे फसकोट काभ्रेभञ्ज्याङ्ग सडक | पक्की सडक/ढलान | १०००००।- | |
| ५ | इट्टे फसकोट काभ्रेभञ्ज्याङ्ग सडक | कच्ची सडक | ६०,०००।- | |
| ६ | पक्की मोटर बाटो सँग जोडिएका जग्गाहरु | पक्की सडक/ढलान | १००,०००।- | |
| ७ | कच्ची मोटर बाटोसँग जोडिएका जग्गाहरु | कच्ची सडक | ३०,०००।- | |
| ८ | गोरेटो बाटोसँग जोडिएका जग्गाहरु | गोरेटो बाटो | १५,०००।- | |
| ९ | अन्य खेत/पाखा समेत | बाटो नभएको | १०,०००।- | |

**ट) हालको वडा नं. ११**

| सि.नं. | जग्गा तथा सडकको विवरण | सडकको किसिम | प्रति आना मुल्यांकन | कैफियत |
|---|---|---|---|---|
| १ | वि.पी. राजमार्गसँग जोडिएका जग्गाहरु | वि.पी. हाइ वे | १५०,०००।- | |
| २ | काभ्रेभञ्ज्याङ्ग पाल्लेखेल नमोबुद्ध सडक | पक्की सडक/ढलान | १५०,०००।- | |

| सि.नं. | जग्गा तथा सडकको विवरण | सडकको किसिम | प्रति आना मुल्यांकन | कैफियत |
|---|---|---|---|---|
| ३ | विपी राजमार्ग ठूलीटार अरनीको राजमार्ग सडक | पक्की सडक/ढलान | १,००,०००।- | |
| ४ | विपी राजमार्ग ठूलीटार अरनीको राजमार्ग सडक | कच्ची सडक | ४०,०००।- | |
| ५ | पाल्लेखेत दारिमबोट कामपानी हात्तीगौडा | पक्की सडक/ढलान | १,००,०००।- | |
| ६ | पाल्लेखेत दारिमबोट कामपानी हात्तीगौडा | कच्ची सडक | ४०,०००।- | |
| ७ | कल्छे ठूलीटार शिखरकटेरी खावा सडक | पक्की सडक/ढलान | १,००,०००।- | |
| ८ | कल्छे ठूलीटार शिखरकटेरी खावा सडक | कच्ची सडक | ४०,०००।- | |
| ९ | पक्की मोटर बाटो सँग जोडिएका जग्गाहरु | पक्की सडक/ढलान | १,००,०००।- | |
| १० | कच्ची मोटर मोटर बाटोसँग जोडिएका जग्गाहरु | कच्ची सडक | ४०,०००।- | |
| ११ | गोरेटो बाटोसँग जोडिएका जग्गाहरु | गोरेटो बाटो | १५,०००।- | |
| १२ | अन्य खेत/पाखा समेत | बाटो नभएको | १०,०००।- | |

**ठ) हालको वडा नं. १२**

| सि.नं. | जग्गा तथा सडकको विवरण | सडकको किसिम | प्रति आना मुल्यांकन | कैफियत |
|---|---|---|---|---|
| १ | सुन्थान शंखु नमोबुद्ध सडक | पक्की सडक/ढलान | १००,०००।- | |
| २ | सुन्थान शंखु नमोबुद्ध सडक | कच्ची सडक | ६०,०००।- | |
| ३ | सुन्थान इट्टे पाटीचौर सडक | पक्की सडक/ढलान | १००,०००।- | |
| ४ | सुन्थान इट्टे पाटीचौर सडक | कच्ची सडक | ६०,०००।- | |
| ५ | वि.पी. राजमार्ग शारदा बतासे शंखु नमोवुद्ध सडक | पक्की सडक/ढलान | १०००००।- | |
| ६ | वि.पी. राजमार्ग शारदा बतासे शंखु नमोवुद्ध सडक | कच्ची सडक | ६०,०००।- | |
| ७ | पक्की मोटर बाटो सँग जोडिएका जग्गाहरु | पक्की सडक/ढलान | १००,०००।- | |
| ८ | कच्ची मोटर बाटोसँग जोडिएका जग्गाहरु | कच्ची सडक | ३०,०००।- | |
| ९ | गोरेटो बाटोसँग जोडिएका जग्गाहरु | गोरेटो बाटो | १५,०००।- | |
| १० | अन्य खेत/पाखा समेत | बाटो नभएको | १०,०००।- | |

नोटः माथिको मूल्याङकन विवरणमा कुनै क्षेत्र छुट हुन गएमा मालपोत कार्यालय काभ्रेपलाञ्चोकले आर्थिक बर्ष २०७४।७५ को लागि जग्गाको न्यूनतम मूल्याङकन पुस्तिकामा उल्लेखीत दर बमोजिम हिसाव गरिनेछ।

**अनुसूची -१.२**

## धुलिखेल नगरपालिका भित्र निर्माण भएका संरचनाको मूल्याङ्कन दर

| सि.नं. | घरको वर्गीकरण | मूल्यांकन दर | प्रस्तावित दर | कैफियत |
|---|---|---|---|---|
| १ | स्टिल फेम स्टक्चर भएका ठुला भवन - ब्यवसायिक भवन | प्रति वर्ग फिट | २००० | |
| २ | भवन ऐन वमोजिम 'क' वर्गको भवनहरु - ब्यवसायिक भवन | प्रति वर्ग फिट | १८०० | |
| ३ | आर.सि.सि. फेम स्टक्चर - ब्यवसायिक भवन | प्रति वर्ग फिट | १५०० | |
| ४ | आर.सि.सि. फेम स्टक्चर - आवासिय भवन | प्रति वर्ग फिट | १४०० | |
| ५ | १४ फिट भन्दा अग्ला ट्रस्टहरु - आवासिय भवन | प्रति वर्ग फिट | १२०० | |
| ६ | सिमेन्टको जोडाई, आर.सि.सि. छाना भएका भवन | प्रति वर्ग फिट | १२०० | |
| ७ | सिमेन्टको जोडाईको जस्ता, टायलको छाना भएको | प्रति वर्ग फिट | १००० | |
| ८ | माटोको जोडाइ जस्ता वा टायलको छाना | प्रति वर्ग फिट | ८०० | |
| ९ | ईटा वा ब्लकले बनेको सेड वा कच्ची घर | प्रति वर्ग फिट | ६०० | |

**अनुसूची -२**

(ऐनको दफा ३ सँग सम्बन्धित)

**भूमीकर (मालपोत) दर**

**लेखा कोडः ११३१४ कम्प्युटर कोडः ०००२**

| सि.नं. | राजश्वको क्षेत्रहरु | इकाई | प्रस्तावित दर | कैफियत |
|---|---|---|---|---|
| १ | साविक धुलिखेल नगरपालिका क्षेत्रभित्रका लाई असुली बक्याता मालपोत | प्रति रोपनी | २०।४८ | |
| २ | वडा नं १,२,९,१०,११,र १२, को मालपोत असुली वक्यौता ग्रामिण क्षेत्रको लागि | प्रति रोपनी | १०।- | |

**अनुसूची -३**

(ऐनको दफा ४ सँग सम्बन्धित)

## घर जग्गा बहाल कर

## लेखा कोडः ११३२१ कम्प्युटर कोडः ०००४

| सि.नं. | राजश्वको क्षेत्रहरु | इकाई | प्रस्तावित दर | कैफियत |
|---|---|---|---|---|
| १ | धुलिखेल नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति/संस्था/फर्मले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएको बहाल रकमको | बार्षिक | १० प्रतिशत | |

**भाडा करको गणना :** बहालकर गणना गर्दा धुलिखेल नगरपालिकाले तोकेको न्यूनतम अंक भन्दा वढी कायम गरेको हकमा सम्झौता वा स्वःघोषणामा उल्लेख भए बमोजिम तथा अन्यको हकमा निम्न बमोजिम गणना गरिनेछः

| सि.नं. | राजश्वको क्षेत्रहरु | इकाई | प्रस्तावित दर | कैफियत |
|---|---|---|---|---|
| १ | शहरी क्षेत्र (अरनिको राजमार्ग वा वि पी राजमार्ग वा नगरस्तरको बाटोले छोएको वा राजमार्ग वाट २०० मिटर भित्रको क्षेत्र) ब्यवसायिक प्रयोग | प्रति वर्ग फिट मासिक | २० | |
| २ | शहरी क्षेत्र (अरनिको राजमार्ग वा वि पी राजमार्ग वा नगरस्तरको बाटोले छोएको वा राजमार्ग वाट २०० मिटर भित्रको क्षेत्र) आवासिय प्रयोग | प्रति वर्ग फिट मासिक | १५ | |
| ३ | अर्धशहरी क्षेत्र (वडा नं १, २, ३, ८, ९, १०, ११ र १२ का अरनिको राजमार्ग वा वि पी राजमार्ग वा नगरस्तरको बाटोले छोएको वा राजमार्ग वाट २०० मिटर भित्र बाहेकका क्षेत्र) | प्रति वर्ग फिट मासिक | १० | |

**अनुसूची -४**

(ऐनको दफा ४ को उपदफा (७) सँग सम्बन्धित)

**सरकारी सम्पत्ती प्रयोगबाट प्राप्त हुने भाडा**

**लेखा कोडः १४१५१**

| सि.नं. | कम्प्युटर कोड | विवरण | इकाई | प्रस्तावित दर | कैफियत |
|---|---|---|---|---|---|
| १ | ३०५३ | जेटिङ मेशिन / सक्शन मेशिन (नगरपालिका क्षेत्रभित्र) | प्रति ट्रिप | ६०००।- | |
| २ | ३०४५ | जेटिङ मेशिन / सक्शन मेशिन (नगरपालिका क्षेत्र बाहिर पनौती र बनेपा) | प्रति ट्रिप | ९०००।- | |
| ३ | ३०४६ | जेटिङ मेशिन / सक्शन मेशिन (नगरपालिका क्षेत्रबाहिर पाँचखाल न.पा.मा अरनिको लोकमार्ग सडकको दायाँ बायाँ १०० मिटर भित्रसम्म) | प्रति ट्रिप | १२०००।- | |
| ४ | ३०४७ | जेटिङ मेशिन वनेपा-सिन्धुलि-बर्दिवास भकुण्डे सम्मको लागि मुख्य सडकको दायाँ वायाँ १०० मिटर भित्र | प्रति ट्रिप | १५०००।- | |
| ५ | ३०४४ | ब्याक-हू लोडर (ईन्धन सहित) | प्रतिघण्टा | २०००।- | |
| ६ | | सभाहल भाडा | प्रति दिन | ५००००।- | |

**अनुसूची -५**

(ऐनको दफा ५ सँग सम्बन्धित)

**ब्यवसाय करको दर**

**लेखा कोडः १४६११ कम्प्युटर कोडः ००३**

**१. पर्यटकीयस्तरका होटलमा लिने ब्यवसाय कर**

| सि. नं. | होटलको किसिम | इकाई | प्रस्तावित दर | कैफियत |
|---|---|---|---|---|
| १ | "क" वर्गको होटल तथा रिसोर्ट | बार्षिक प्रति कोठा | ७०००।- | |
| २ | अन्य वर्गको होटल तथा रिसोर्टको (थप २० कोठा भन्दा माथि) | बार्षिक प्रति कोठा | ५०००।- | |
| ३ | अन्य वर्गको होटल तथा रिसोर्ट (थप १० देखि २० कोठा सम्मको) | बार्षिक प्रति कोठा | ३०००।- | |

धुलिखेल नगरपालिका

| सि. नं. | होटलको किसिम | इकाई | प्रस्तावित दर | कैफियत |
|---|---|---|---|---|
| ४ | अन्य वर्गको होटल तथा रिसोर्ट (रेष्टुरेन्ट सुविधा सहित १० कोठा सम्मको) | बार्षिक प्रति कोठा | २०००।- | |

**गणना विधीः**

**अन्य वर्गको होटल तथा रिसोर्ट**

| | | |
|---|---|---|
| क | **यदि ७ कोठा सम्मको रहेछ भने** | |
| | जस्तो ७ कोठा रहेछ भने | ७ कोठा x २००० = १४००० |
| ख | यदि १८ कोठा सम्मको रहेछ भने | |
| | १० कोठाको | १० कोठा x २००० = २०००० |
| | बाकीको ८ कोठाको | ८ कोठा x ३००० = १६००० |
| | | **जम्मा ३६०००** |
| ग | **यदि ३५ कोठा सम्मको रहेछ भने** | |
| | १० कोठाको | १० कोठा x २००० = २०००० |
| | २० कोठाको | २० कोठा x ३००० = ६०००० |
| | बाँकोको ५ कोठाको | ५ कोठा x ५००० = २५००० |
